# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३ ) काठमाडौं, वैशाख २४ गते २०५० साल ( अतिरिक्ताङ्क ६ (क)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट गणतन्त्र भारतको राजकीय भ्रमणमा सवारी होइ बक्सनु अघि देशवासीका नाममा बक्सेको सन्देश**

प्यारा देशवासीहरू,

छिमेकी मित्रराष्ट्र गणतन्त्र भारतका राष्ट्रपति महामहिम डा. शंकर दयाल शर्माको निमन्त्रणामा भारतको राजकीय भ्रमणको लागि आज हामी नयाँ दिल्लीतर्फ जाँदैछौं ।

संयुक्त राष्ट्रसंघको आदर्श अनुरूप विश्वका सबै मुलुकहरूसँग आपसी हितको लागि समानताको आधारमा मैत्री सम्बन्ध विकसित गर्दै जाने नेपालको नीति रहिआएको छ । यसै अनुसार हुन लागेको यो भ्रमणले नेपाल र भारत बीच रहिआएको परम्परागत सौहार्दपूर्ण सम्बन्ध तथा समझदारीलाई अझ सुदृढ गर्नमा योगदान पुऱ्याउनेछ भन्ने हाम्रो आशा छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

96

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यका लागि हाम्रा छोरा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेवको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं। आशा छ, सधैं झैं समस्त देशवासीहरूले नेपाल र नेपालीको हितको लागि आ-आफ्नो क्षेत्रबाट सहयोग गरी नै रहनेछन्।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८